परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : १० पृष्ठ ४ २०८२ कार्तिक १५ गते, शनिबार 01 November, 2025 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## ‘हाम्रो मायाको घर’ निर्माण अन्तिम चरणमा




● टक नेपाल

सडक मानव, असहाय बालबालिका, परित्यक्त वृद्धवृद्धा र मानसिक स्वास्थ्य समस्याबाट पीडित व्यक्तिहरूलाई आश्रय दिने उद्देश्यले बर्दिबासमा निर्माण भइरहेको ‘हाम्रो मायाको घर’ अन्तिम चरणमा पुगेको छ । निर्माण कार्य करिब ९० प्रतिशत पूरा भएको निर्माण समिति अध्यक्ष शम्भु भट्टराईले जानकारी दिनुभयो ।

बर्दीबास-२ हङ्कडडाँडा नजिक निर्माणाधीन भवनबारे जानकारी दिँदै भट्टराईले भवन र क्यान्टिन गरी दुईवटा संरचनाको निर्माण अन्तिम चरणमा पुगेको बताउनुभयो । उहाँका अनुसार भवन निर्माण सम्पन्न गर्न अझ करिब एक करोड रुपियाँ आवश्यक छ । ‘केही मौज्दात रकम पनि छ, बाँकी बक्यौता उठेपछि खर्चको अभाव हुनेछैन,’ उहाँले भन्नुभयो ।

‘हाम्रो मायाको घर’ का लागि स्थानीय १५ जना दाताले डेढ करोड रुपियाँ मूल्य बराबरको साढे पाँच कठ्ठा जग्गा दान गरेका थिए । भागवत मञ्जरी राधिका दासीको प्रेरणामा बर्दिबासमा आयोजित महायज्ञमार्फत करिब १ करोड ८२ लाख ४२ हजार रुपियाँ सङ्कलन भएको थियो । त्यसपछि विभिन्न सङ्घसंस्था र निकायले पनि थप सहयोग गरेपछि भवन निर्माण सुरु गरिएको थियो ।

अध्यक्ष भट्टराईका अनुसार हालसम्म भवन निर्माण र थप जग्गा खरिदमा १ करोड १८ लाख ९ हजार रुपियाँ खर्च भइसकेको छ । करिब १० लाख मौज्दात रकम छ । ८० लाख रुपैयाँ जति बक्यौता उठ्न बाँकी रहेको उहाँले बताउनुभयो ।

०८१ साल साउनमा तत्कालीन मुख्यमन्त्री सतिसकुमार सिंहले शिलान्यास गरेपछि भवन निर्माण थालिएको हो । वर्ष दिनको छोटो अवधि र कम लागतमा भएको निर्माण प्रगति आफैंमा उदाहरणीय भएको जनाइएको छ । प्रदेश सांसद शारदादेवी थापाले निर्माणाधीन ‘मायाको घर’ दान, धर्म, दया र स्नेहको प्रतिक भएको बताउँदै यो श्रम, सहयोग, इमान र मितव्ययिताको उदाहरणीय नमुना भएको उल्लेख गर्नुभयो ।

होटल तथा पर्यटन महासङ्घ मधेश प्रदेशका अध्यक्ष हीरा गौतमले असहाय सडक बालबालिका, वृद्धवृद्धा, मानसिक रोगी तथा परिचय गुमाएका व्यक्तिहरूलाई नयाँ जीवन र माया दिने उद्देश्यले ‘हाम्रो मायाको घर’ निर्माण भइरहेको बताउनुभयो ।

यसअघि रोटरी क्लब अफ बर्दिबासका अध्यक्ष सीताराम ढुंगेलको सहकार्यमा भवन परिसरमा विभिन्न प्रजातिका ३० वटा बिरुवा रोपिएको थियो । बर्दिबासको ‘हाम्रो मायाको घर’ अब छिट्टै सडक मानवका लागि आश्रयस्थल बन्ने तयारीमा रहेको उहाँले बताउनुभयो ।गोरखापत्र

## मोन्था चक्रवातको जोखिममा किसान

● रविन्द्र उप्रेति



बङ्गालको खाडीबाट उत्पन्न ‘मोन्था’ चक्रवातको प्रभावले देशभर वर्षा सुरु भएसँगै मधेशका किसान चिन्तित भएका छन् । बुधबार मध्यरातदेखि सुरु भएको सिमसिमे वर्षा बिहीबारसम्म बढ्दै गएको छ । दिनभर घाम नदेखिएपछि महोत्तरी र आसपासका जिल्लाका किसान कृषि बालीमा पर्ने प्रभावलाई लिएर चिन्तित भइरहेका हुन् ।

कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख देवानन्द रायका अनुसार कात्तिके वर्षाले समग्र कृषि क्षेत्रमा प्रतिकूल असर पार्ने सम्भावना छ । अहिले पाक्ने र काट्ने क्रममा रहेको धान बालीमा सबैभन्दा बढी क्षति पुग्ने देखिएको छ । बाला लाग्दै गरेको र फूल फुल्ने अवस्थाका बासमती र कमोद (करियाकामत) जातका धानमा क्षति पुगेको छ । ज्ञान केन्द्रको तथ्याङ्क अनुसार महोत्तरीमा करिब ४० हजार हेक्टरमा धान खेती गरिएको छ । यसमा करिब तीन हजार हेक्टरमा मङ्सिरमा पाक्ने बासमती र कमोद धान लगाइएको छ । वर्षाले यी धानका बोट ढाल्ने, डुबानमा पने ' र सुक्न नसक्ने अवस्था ल्याउने भएकाले उत्पादन घट्ने अनुमान गरिएको छ । वर्षाको असरले आलु, तरकारीका नर्सरी, दाल, तेलहनबाली र उखु खेतीसमेत प्रभावित हुन सक्ने रायले जानकारी दिनुभयो । यो समय हिउँदे बाली लगाउने र आलु रोप्ने मौसम भएकाले बढी पानीले भर्खरै रोपिएका बाली सड्ने र जमिन चिसिन सक्ने भएकाले समयमै हिउँदे बाली लगाउन समस्या हुने छ । यसअघि असोजमा परेको अविरल वर्षाले महोत्तरीमा एक हजार २२५ हेक्टरभन्दा बढी कृषि भूमि डुबानमा पर्दा करिब ९६ करोड ५८ लाख रुपियाँ बराबरका ५७ हजार मेट्रिक टन बाली नष्ट भएको थियो । त्यस बेला मात्रै १० हजार हेक्टरभन्दा बढी धानबाली पूर्ण रूपमा बगाएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

ज्ञान केन्द्र प्रमुख रायले भन्नुभयो, “सुरुमा लामो समय पानी नपर्दा जिल्लाका केवल ७७ प्रतिशत खेतमा मात्र रोपाइँ भएको थियो, बाकी पष्ठ 8......

भव्य विवाहपञ्चमीको तयारी,

## स्थानीयको असन्तुष्टि चर्कियो



● टक नेपाल

आगामी मंसिर ९ गते मनाइने ऐतिहासिक विवाहपञ्चमी महोत्सव-२०८२ लाई भव्य र व्यवस्थित बनाउन जनकपुरधाममा तयारी तीव्र गतिमा अघि बढिरहेको छ। बिहीबार जानकी मन्दिरमा सम्पन्न सर्वपक्षीय बैठकमा यस वर्षको महोत्सवलाई सभ्य, भव्य र व्यवस्थित ढङ्गले मनाउने योजना प्रस्तुत गरिएको छ। बैठक जानकी मन्दिरका महन्थ राम तपेश्वर दास वैष्णवको अध्यक्षतामा सम्पन्न भएको हो।

बैठकमा बोल्दै महन्थ वैष्णवले यस वर्ष पनि देश-विदेशबाट आउने हजारौं श्रद्धालु र पाहुनाको स्वागतका लागि जनकपुरवासीलाई सरसफाइ र व्यवस्थापनमा सक्रिय हुन आग्रह गरे। उनले सबै पक्षको सहकार्यबिना विवाहपञ्चमीलाई गरिमामय बनाउन नसकिने बताउँदै स्थानीय, प्रशासनिक र धार्मिक निकायबीच समन्वय आवश्यक रहेको उल्लेख गरे।

बैठकले शान्ति-सुरक्षा, प्रचार-प्रसार, बजार व्यवस्थापन, रंगभूमीमा गेट तथा पण्डाल व्यवस्था, यातायात, ट्राफिक र स्वास्थ्य उपचारजस्ता विषयमा पृथक-पृथक उपसमितिहरू गठन गरेको छ। जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले विवाहपञ्चमी जनकपुरको आत्मा भएको बताउँदै सबै जनकपुरवासीलाई आफ्नो क्षेत्रबाट सहयोग गर्न अपिल गरे।

सर्वपक्षीय बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, सहायक प्रमुख जिल्ला अधिकारी उमेशकुमार दाहाल, प्रहरी उपरीक्षक रुगमबहादुर कुँवर, बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष शीतलप्रसाद साह, उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, ट्राफिक प्रहरी प्रमुख सूर्यबहादुर शाही, विद्युत प्राधिकरण प्रमुख सुनिल महतो, र एनप्याब्सन अध्यक्ष दीपक ठाकुरलगायत सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थिति थियो।

यस वर्ष पनि परम्परागत सातदिने कार्यक्रम निर्धारण गरिएको छ –मंसिर ४ गते नगरदर्शन, मंसिर ५ गते फूलबारी लिला, मंसिर ६ गते धनुष यज्ञ, मंसिर ७ गते तिलकोत्सव, मंसिर ८ गते मटकोर, मंसिर ९ गते स्वयम्वर तथा विवाह महोत्सव र मंसिर १० गते रामकलेवा आयोजना गरिनेछ।

तर, यसपटक प्राचीन धार्मिक स्थल ‘सितापुष्पवाटिका’लाई कार्यक्रमसूचीमा समावेश नगर्नु भन्दै स्थानीय बासिन्दा र धार्मिक सरोकारवाला पक्षहरूले असन्तुष्टि जनाएका छन्। उनीहरूका अनुसार करोडौं रुपैयाँ लगानीमा निर्माण गरिएको सितापुष्पवाटिका विवाहपञ्चमीसँग ऐतिहासिक रूपमा जोडिएको स्थल हो, त्यसलाई बेवास्ता गर्नु महोत्सवलाई सीमित दायरामा बाँध्ने प्रयास हो।

“विवाहपञ्चमी केवल जानकी मन्दिरको कार्यक्रम होइन, यो जनकपुरधामको इतिहास र गौरवसँग जोडिएको सम्पूर्ण शहरको पर्व हो। मन्दिरभित्र मात्र सीमित राख्दा यसको सांस्कृतिक प्रभाव घट्छ।”

त्यसैले उनीहरूले सितापुष्पवाटिका र मणिमण्डपजस्ता ऐतिहासिक स्थलहरूमा पनि कार्यक्रम विस्तार गर्नुपर्ने माग गरेका छन्।

प्रत्येक वर्ष भारतका विभिन्न सहरबाट हजारौं तीर्थयात्री, साधु-सन्त र पर्यटकहरू जनकपुर आइपुग्ने भएकाले यसपटक सुरक्षा, सरसफाइ, यातायात र स्वास्थ्य व्यवस्थापनमा थप सुदृढ तयारी गर्नुपर्ने जनाइएको छ। व्यापारी र होटल व्यवसायीहरूले पनि विवाहपञ्चमीलाई जनकपुरको आर्थिक गतिशीलता र पर्यटन प्रवर्द्धनको अवसरका रूपमा लिनुपर्नेमा जोड दिएका छन्।

धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिले अद्वितीय जनकपुरधामको पहिचानको केन्द्र नै विवाहपञ्चमी हो। जानकी मन्दिरका चार पर्खालभित्र मात्र सीमित नराखी यदि सितापुष्पवाटिका र मणिमण्डपजस्ता स्थलहरूमा पनि कार्यक्रम विस्तार गर्न सकियो भने जनकपुरको धार्मिक-सांस्कृतिक पुनर्जागरणमा नयाँ ऊर्जा थपिने जनकपुरवासीको विश्वास छ।

परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

# वाम ध्रुवीकरणको ऐतिहासिक आवश्यकता

नेपालको राजनीति फेरि निर्णायक मोडमा पुगेको छ। जेनजी आन्दोलनले स्थिर देखिएको राजनीतिक सतहलाई हलचलमा पार्दै जनअसन्तोष र परिवर्तनको चाहनालाई पुनः उजागर गरेको छ। संविधानले जनताको आकांक्षा पूरा गर्न नसक्दा, सुधार र रूपान्तरणबीचको द्वन्द्व अझ तीव्र बनेको छ। यही अवस्थामा वाम ध्रुवीकरणको आवश्यकता पुनः प्रखर रूपमा उठेको छ।

तर, ध्रुवीकरण केवल दलगत गणित वा सत्ताको पुनर्विन्यास होइन; यो विचार, सिद्धान्त र व्यवहारको वैज्ञानिक संश्लेषण हो। विगतका वाम एकताहरूले देशलाई गणतन्त्र र रूपान्तरणको मार्गमा डो-याए, तर सत्ता-लालसा र स्वार्थ-प्रेरित सम्झौताले ती प्रयासहरू कमजोर बनायो। आज पनि त्यही गल्ती दोहोर्याउने जोखिम यथावत् छ।

जेनजी आन्दोलनले नयाँ पुस्ताको राजनीतिक असन्तोषलाई स्वर दिएको छ। यसले वामपन्थी शक्तिलाई आत्मालोचना र नवचेतनाको बाटोमा फर्कन बाध्य बनाएको छ। एमाले, माओवादी केन्द्र, समाजवादी र साना प्रगतिशील धाराहरूबीच सिद्धान्तमा आधारित साझा मोर्चा निर्माण गर्नु समयको माग हो।

यो ध्रुवीकरण सत्ता-लोभ होइन, समाज परिवर्तनको अभियान हुनुपर्छ। विचार, संगठन र आचरणको शुद्धता नै यसको मेरुदण्ड बन्नुपर्छ। इतिहासले देखाइसकेको छ – सिद्धान्तमा टेकेको एकता स्थायी हुन्छ, स्वार्थमा टेकेको एकता विघटनको सूत्र बनिन्छ। त्यसैले, वाम ध्रुवीकरण आज केवल विकल्प होइन, अस्तित्वको प्रश्न बनेको छ।

# उद्धार गरिएका बालबालिका परिवारको जिम्मामा

• टक नेपाल



भारतको विभिन्न स्थानमा जोखिममा रहेका नेपालका १६ जना बालबालिकालाई उद्धार गरी बिहीबार परिवारको जिम्मा लगाइएको छ। केही महिनाअगाडि मखान कुट्ने कामका लागि एक एजेन्टमार्फत पूर्णिया जाँदै गर्दा भारत बिहारको जयनगरमा भारतीय प्रहरीले नौ जना बालकलाई आफ्नो नियन्त्रणमा लिएर त्यहाँको बालकल्याण समितिमा बुझाएको थियो। अन्य बालबालिका कामकाजको खोजीमा भारत गएको समयमा जोखिममा परेका बेलामा तिनीहरूलाई भारतको महाराष्ट, दिल्ली, मुम्बईसहितका विभिन्न स्थानबाट भारतीय प्रहरीले नियन्त्रणमा लिएर सोही ठाउँको बालकल्याण समितिमा बुझाएको थियो। भारतको दिल्लीस्थित किन इन्डिया नामक संस्थाको समन्वय तथा सहकार्यमा र रोटरी क्लब अफ लुम्बिनी सिद्धार्थनगरको सहयोगमा बालबालिका खोजतलास केन्द्र मधेश प्रदेशले तिनीहरूलाई उद्धार गरेको थियो।

खोजतलास केन्द्रले सम्पूर्ण प्रक्रिया पूरा गरी बुधबार जनकपुरधाम ल्याएर बिहीबार मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयमा परिवार पुनर्मिलन गराएको राष्ट्रिय बालअधिकार परिषद्का अधिकृत सञ्जीव महतोले जानकारी दिनुभयो।

उहाँका अनुसार उद्धार गरिएका बालबालिकामा १२ देखि १७ वर्षसम्मका रहेका थिए।

परिवार पुनर्मिलन कार्यक्रममा किन इन्डियाका निर्देशक नवीन जोशीले अहिलेसम्ममा संस्थाले नेपाल र भारतीय दूतावाससँगको सहयोगमा एक हजार महिला तथा बालबालिकालाई भारतको विभिन्न स्थानबाट उद्धार गरी फिर्ता पठाएको बताउनुभयो। उहाँले भारतमा बेचबिखनमा पर्नेमा सबैभन्दा बढी मधेश प्रदेशकै बालबालिका रहने गरेको भन्दै यसको नियन्त्रणका लागि स्थानीयस्तरबाटै सबैको सहयोगको आवश्यकता रहेको बताउनुभयो। कार्यक्रममा खेलकुद तथा समाज कल्याण मन्त्रालयका सचिव यादवले अझै पनि स्थानीय तहमा बालकल्याण अधिकारी नरहेको भन्दै मानव बेचबिखनको नियन्त्रणका लागि सबैको साझा प्रयास आवश्यक भएको बताउनुभयो।

# प्रादेशिक अस्पतालमा बढ्यो बिरामीको चाप

• टक नेपाल




लहान नगरपालिका ३ स्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालमा बिरामीको चाप ह्वात्तै बढेको छ। अस्पतालमा सेवा सुविधा र निरन्तर निगरानी हुनथालेपछि बिरामीको सङ्ख्या बढेको हो। विराटनगर र धरान जाने बिरामीहरुको उपचार यहीँ हुन थालेपछि बिरामीहरुमा भरोसा जागेको छ।

प्रादेशिक अस्पतालमा स्तरोन्नति भएपछि आधुनिक ल्याब, डाइलोसिस सेवा र विभिन्न विभागका चिकित्सक र कुशल मेडिकल सुपरिटेन्डेन्टको सक्रियताले अस्पतालमा दिनहुँ तीन सयभन्दा बढी बिरामीको जाँच हुन थालेको छ। पन्ध्र शय्याको अस्पतालमा सय शय्याको उपचार हुन थालेपछि अस्पतालमा बिरामीको चाप बढ्नु स्वाभाविक भए पनि अस्पतालको जग्गा रजिष्ट्रेशन नभएकाले भौतिक निर्माणका कार्यहरु अघि बढ्न नसकेको मेसु रञ्जितकुमार झाले बताउनुभयो।

उहाँका अनुसार अस्पतालको जग्गा रजिष्ट्रेशनका लागि लाग्ने लाभकर मिनाहाको लागि सङ्घीय सरकार अर्थ मन्त्रालयमा सिरफरिस गरिए पनि मिनाहाको निर्णय नहुँदा एक वर्षदेखि रजिष्ट्रेशनको प्रक्रिया अघि बढ्न सकेको छैन।

२०३७ सालमा अस्पताल निर्माण गरिदिएका लहानका दाताद्वय रामकुमार शारडा र उमाप्रसाद मुरारकाको परिवारले एक बिघा पन्ध्र कठा जग्गा रजिष्ट्रेशनका लागि दाता परिवारको तर्फबाट मुरारीलाल मुरारका तयार भए पनि लाभकर एक करोड ३५ लाख लाग्ने भएपछि सो लाभकर मिनाहाका लागि पहल भइरहेका प्रदेशसभा सदस्य राजेन्द्रप्रसाद चौधरीले सुनाउनुभयो। उहाँले भन्नुभयो, "मधेश प्रदेश सरकारबाट मिनाहाका लागि पहल गर्‍यौं। अहिले सङ्घ सरकारमा गएर अड्केको छ। यसका लागि सर्वदलीय पहल आवश्यक छ।" सिराहा सप्तरी र उदयपुर जिल्लाका लागि समेत स्वास्थ्य सेवा दिइरहेका यस अस्पतालको स्तरोन्नति हुनुपर्ने आवाज उठ्न थालेपछि जग्गा रजिष्ट्रेशनका लागि स्थानीयहरुले माग गरेपछि दाता परिवार जग्गा रजिष्ट्रेशन गर्न तयार हुनुको साथै अझै लगानी गर्नुपरे तयार रहेका दाता परिवारका मुरारीलाल मुरारकाले बताउनुभयो। जग्गा रजिष्ट्रेशनमा निकै समय लागेपछि अन्य थप सहयोग चाहेर पनि गर्न नसकेको उहाँले गुनासो पोख्नुभयो।

अस्पतालको जग्गा रजिष्ट्रेशन थप सेवा प्रवाह गर्न आवश्यक सहयोग र पहलको लागि प्रदेश सरकार सङ्घ सरकार र स्थानीय सरकारसँग समन्वय गरेर अघि बढ्ने गृहकार्यमा लाग्ने अस्पताल विकास समितिका अध्यक्ष राम नारायण मेहताले जानकारी दिनुभयो। "जीर्ण भवन निर्माण थप नयाँ भवननिर्माण, चिकित्सकको जीर्ण आवास भवन सिटि स्क्यान सञ्चालन लगायतका कार्यहरु अघि बढाउन जग्गा रजिष्ट्रेशन आवश्यक छ," उहाँले भन्नुभयो।






# रेशम–रञ्जिता विवाद राजनीतिक कि पारिवारिक ?

● टक नेपाल



'देश विकासका लागि फेरि नयाँ पार्टी खोल्नु भएको धेरै धेरै बधाइ हो बूढो' (देश विकासके लाग फेनसे लव्व पार्टी खोल्लो धिउर धिउर बधाइ बा हो बुरूवा) ।

नागरिक उन्मुक्ति पार्टीबाट अलग भई नयाँ दल दर्ताका निर्वाचन आयोगमा निवेदन दिएका रेशम चौधरीलाई रञ्जिता श्रेष्ठले दिएका बधाईका शब्द हुन् यी ।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता रेशमकी श्रीमती हुन् । श्रीमान्–श्रीमतीको राजनीतिक मनमुटावले पार्टी फुटसम्मको अवस्था आएको हो । रेशम र रञ्जिताको दूरी यति बढेको छ कि नाउपा  तीन टुक्रा भएको छ ।

रेशम चौधरीले कबीर सोपको अध्यक्षतामा नागरिक उन्मुक्ति पार्टी नेपाल दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएका छन् भने रामलाल डगौराले रञ्जिता श्रेष्ठलाई हटाएर आफ्नै नेतृत्वमा नागरिक उन्मुक्ति पार्टी गठन गरेको निवेदन निर्वाचन आयोगमा दिएका छन् ।

यता, रञ्जिता श्रेष्ठले आफू अध्यक्ष रहेको पार्टी आफैंसँग रहेको दाबी गर्दै आइरहेकी छिन् । पार्टीमा अहिले जे-जति भएका छन्, रेशम र रञ्जिताकै विवादका कारणले भएको धेरैको बुझाइ छ ।

कतिसम्म भने बिहीबार रञ्जिता श्रेष्ठले आफ्नो फेसबुकमा लेखिन्, 'नागरिक उन्मुक्ति पार्टी नेपालको अध्यक्ष भएकोमा भान्जा कबीरलाई धेरैधेरै शुभकामना ।' रेशम चौधरीले आफ्नो भान्जालाई अध्यक्ष बनाएको भनेर सन्देश दिने गरी दिएको शुभकामनाप्रति सबैको चासो बढ्यो ।

के हो 'भाञ्जा विवाद'

रेशम चौधरीका लागि परिवारवाद ठुलो कुरा रहेन । नाउपा खोल्दा श्रीमती रञ्जिता श्रेष्ठलाई अध्यक्ष बनाए । पछि विवाद बढेपछि आफ्नै बुवालाई अध्यक्ष बनाए । अहिले नाउपाबाट अलग भएर नाउपा नेपाल गठन अध्यक्ष बनाइएका कबीर सोप भाञ्जा भएको टिप्पणी हुन थालेपछि रेशमले फेसबुक मार्फत नै प्रष्टीकरण दिएका छन् ।

'लालबीर चौधरीका चार छोरा, जेठो म । मेरी आमाले छोरी जन्माइनन् । नातापाताले सबै मेरा बाबुआमा, सबै मेरा दाजुभाइ, सबै दिदीबहिनी । यातना, प्रताडना भोग्ने म । भोगेकै छु । गाउँघर, राज्य, सरकार व्यक्ति सबैलाई ठगी हिँड्नेले जे पायो त्यही नलेख्नुस् । कर्म गर्नुस्, बस्ती नखल्बल्याउनुस् । जय नागरिक ।'

पारिवारिक सम्बन्ध

सामाजिक सञ्जालका यी जुहारीले रेशम र रञ्जिताबिच कतिसम्म तिक्ततापूर्ण सम्बन्ध छ भन्ने देखाउँछ । फेसबुकमा मायाप्रीतिका कुरा निकै देखाउने यो दम्पती राजनीतिक रुपमा भने एकअर्काको दुश्मन जत्तिकै व्यवहार देखाइरहेका छन् ।

उनीहरुको पारिवारिक सम्बन्ध पनि राम्रो नभएको स्रोत बताउँछ । काठमाडौँमा पनि दुवै जना अलग-अलग बस्छन् । राजनीतिक सम्बन्ध राम्रो हुँदा दुवै सँगै हुन्थे । हरेक ठाउँ दुवै जना सँगै देखिन्थे । जब राजनीतिक सम्बन्ध बिग्रिदै गयो, पारिवारिक सम्बन्धमा पनि दरार पर्‍यो ।

रञ्जितासँग सम्बन्ध बिग्रिन थालेपछि रेशम कान्छी श्रीमतीसँग नजिक भए । कान्छी श्रीमतीसँग भएका तस्बिरहरु सार्वजनिक हुन थाले । धेरै समय कान्छी श्रीमतीसँग बिताउन थालेपछि रञ्जिता र रेशमको सम्बन्ध बिग्रिन थालेको स्रोत बताउँछ ।

त्यसपछि रञ्जिताले राजनीतिक प्रतिशोध लिन थालेको नागरिक उन्मुक्ति पार्टीका एक नेता बताउँछन् । 'सुरुमा उनीहरुको पारिवारिक सम्बन्ध बिग्रियो । त्यसपछि राजनीतिक विवाद उत्पन्न भएको हो । खासमा दुवै जनाबिच कुनै राजनीतिक समस्या नै होइन । विवाद अरुतिर छ, राजनीतिमा त्यसलाई प्रवेश गराएको हो,' ती नेता भन्छन् ।

नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिताले दुई दिन अगाडि रेशम चौधरीको फोटो फेसबुकमा राखेर लेखिन्, 'मुटु, यो फोटो ठिक छ भन्ने आवाज आज पनि कानमा गुन्जिरहेछ । राजनीतिले दूरी ल्यायो होला, तर सम्बन्धको आत्मीयता कहिल्यै मेटिँदैन,' यसले पनि पारिवारिक सम्बन्ध ठिक छैन भन्ने पुष्टि हुन्छ ।

पारिवारिक कि राजनीति ?

रञ्जिता श्रेष्ठ निकट एक नेता भन्छन्, 'जब दुवै जनाबिच राजनीतिक सम्बन्ध सुध्रिन्छ, तब पारिवारिक सम्बन्ध पनि राम्रो देखिन्छ । राजनीतिक सम्बन्ध बिग्रँदा पारिवारिक सम्बन्ध पनि भत्किँदै जान्छ । अहिले दुई जनाको बोलचाल पनि छैन । धेरै भयो एकसाथ नदेखेको ।' राजनीतिक सम्बन्ध बिग्रिए पनि पारिवारिक सम्बन्ध राम्रो राखेको राम्रो हुने उनी सुझाव दिन्छन् ।

तर नागरिक उन्मुक्ति पार्टीमा केही समय काम गरेका सामाजिक अभियन्ता सुरेन्द्र चौधरी रेशम र रञ्जिताको व्यक्तिगत र पारिवारिक सम्बन्ध राम्रै रहेको दाबी गर्छन् ।

'दुवै जनाबिच कुनै पारिवारिक विवाद छैन, भित्रभित्रै दुवै जना मिलेका छन्, बाहिर विवाद छ भनी देखाउनु भएको मात्र हो ।' काठमाडौंमा दुवै जनाबिच प्रायः भेटघाट भइरहने दाबी गर्दै उनी आफ्नो कब्जामा राखेर पार्टी चलाउन खोजेकाले विवाद उत्पन्न भएको बताउँछन् ।

को-को छन् रेशमको साथमा ?

रेशमले निर्वाचनमा आयोगमा दर्ता लागि निवेदन दिएको नयाँ पार्टीमा नाउपाका २१ जना संस्थापकमध्ये कोही पनि छैनन् । रेशमलाई कसैले साथ नदिने भएपछि उनले बाध्य भएर नयाँ पार्टी गठन गरेको अभियन्ता चौधरीको दाबी छ ।

उनका अनुसार रेशमले आलोक चौधरीलाई पार्टीको कार्यवाहक बनाउन चाहन्थे, तर संस्थापकमध्ये कसैले साथ नदिएपछि रञ्जितामाथि रिस मात्र पोखेका हुन् ।

थारु राजनीतिकका जानकार एवं साहित्यकार कृष्ण सर्वहारी दुवै जना निकै महत्त्वाकांक्षी भएर यो अवस्था आएको टिप्पणी गर्छन् । 'उहाँ दुवै जना कोही भन्दा कोही कम हुनुहुन्न, एक जनाले भन्नुहुन्छ, म जेलमा रहेर यत्रो दुःख गरेर पार्टी जन्माए । अर्को भन्नुहुन्छ- म बाहिर रहेर दौडधुप गरी खुन पसिना एक गरेर पार्टी बनाए, यही टक्करका कारण दुवै जना मिल्न नसकेको हो,' सर्वहारी भन्छन् ।

दुवै जनाबिच राजनीतिकका पारिवारिक समस्या पनि रहेको र एकअर्काको कमी कमजोरी थाहा पाएर कुनै शक्तिले खेलिरहेको हुनसक्ने उनको अनुमान छ ।

रेशम चौधरीले ४५ सदस्यीय कार्यसमिति बनाएर नागरिक उन्मुक्ति पार्टी नेपाल गठन गरेका छन् । त्यसमा एक जना पनि नागरिक उन्मुक्ति पार्टी (रञ्जिता)का संस्थापकमध्येबाट गएका छैनन् । नागरिक उन्मुक्ति पार्टी नेपालका नेता दीपक तामाङले २१ जना संस्थापकमध्ये कोही पनि आफूहरुको पार्टीमा नरहेको पुष्टि गरे ।

महानिधवेशनबाट चयन भएको १९६ केन्द्रीय सदस्यमध्ये २५ जना आफूहरुको पार्टीमा आवद्ध भएको उनको भनाइ छ । प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि अहिले जो जहाँ छन्, त्यहीं रहेका छन् । कार्यकाल सकिएपछि नयाँ पार्टीमा उनीहरु आउने तामाङले दाबी गरे । विघटित प्रतिनिधिसभामा नाउपाका चार जना सांसद थिए ।

नागरिक उन्मुक्तिको जन्म र विवाद

रेशम चौधरी जेलमै रहँदा श्रीमती रञ्जिता श्रेष्ठको अध्यक्षतामा २०७८ पुसमा नागरिक उन्मुक्ति पार्टी गठन भएको थियो । रेशम संरक्षक रहेको यो पार्टीले २०७९ को चुनावमा अपेक्षाकृत राम्रै नतिजा ल्यायो । रेशम चौधरी जेलमा हुँदासम्म यो पार्टी ठिकठाक चलिरहेको थियो । २०८० जेठमा रेशम रिहा भएपछि पार्टी अझै सशक्त रुपमा अगाडि बढ्यो ।

जब २०८० पुसमा पार्टीको महाधिवेशन भयो, त्यहाँबाट आन्तरिक विवाद सुरु भयो । रेशम महाधिवेशनबाट पार्टीको अध्यक्ष भए, जुन रञ्जितालाई मन परेको थिएन । उनी पनि अध्यक्षकी आकांक्षी थिइन् । पार्टीको अध्यक्षमा चयन भएपछि रञ्जिता महाधिवशेन स्थल छाडेर काठमाडौं आएपछि पार्टीको विवाद छताछुल्ल भएको थियो । त्यसबेला रञ्जिता संघीय सरकारकी भूमि व्यवस्था मन्त्री थिइन् ।

रेशम चौधरी अध्यक्ष भएपछि निर्वाचन आयोगमा मुद्दा पर्‍यो । अध्यक्षमा रञ्जिता श्रेष्ठलाई नै कायम गरिदियो । त्यसपछि रेशम र रञ्जिताबिच द्वन्द्व सुरु भयो । पार्टीमा गुटगत राजनीति सुरु भयो । गुट स्थानीय तह, प्रदेशदेखि केन्द्रसम्म देखियो । कहिले मुख्यमन्त्रीका लागि विवाद त, कहिले मन्त्रीका लागि विवाद भइरह्यो । पार्टीभित्रकै विवादका कारण सुदूरपश्चिम प्रदेशमा पाउने मुख्यमन्त्री नागरिक उन्मुक्ति पार्टीले पाएन ।

पार्टीको विवादले केन्द्रीय समिति बैठक नै बस्न सकेन । एउटा गुटले बोलाएको बैठकमा अर्को गुट नजाने अवस्था सिर्जना भयो । रेशमले महाधिवेशनबाट बनेको केन्द्रीय समितिको बैठक बोलाउँदा रञ्जिताले संस्थापक केन्द्रीय समितिको बैठक बोलाउँथिन् ।

एकपटक दुवै जनाबिच कुरा मिलेपछि महाधिवेशबाट बनेको केन्द्रीय समिति र संस्थापक दुवै पक्षको बैठक बसेको थियो । त्यसपछि जनमत पार्टीसँग एकताका लागि छलफल गर्न बैठक बसेको थियो । यद्यपि पार्टीकै आन्तरिक विवादका कारण जनमत पार्टीसँग अन्तिम समयमा एकता हुन सकेन । किनभने एकताको पक्षमा रञ्जिता श्रेष्ठ नरहेको धेरैको बुझाइ थियो ।

लालवीरले पाएनन् मान्यता

कास्कीको भूमि आयोग अध्यक्ष र मालपोत प्रमुख सरुवा प्रकरणलाई लिएर पार्टीमा नयाँ विवाद उत्पन्न भएको छ । सोही प्रकरणलाई लिएर रेशम चौधरीले केन्द्रीय समितिको बैठक बोलाएका थिए । तर अध्यक्ष रञ्जिता उक्त बैठकमा उपस्थित नहुने भनेपछि बैठक स्थगित भयो र राष्ट्रिय भेला बेलाएर रञ्जिता श्रेष्ठलाई अध्यक्षबाट हटाएर लालवीर चौधरीलाई अध्यक्ष बनाइयो । लालवीर रेशम चौधरीका बुवा हुन् ।

तर निर्वाचन आयोगले लालवीर चौधरीलाई मान्यता दिएन । रञ्जिता नै अध्यक्षमा कायम रहिन् । पार्टीमा रेशम र रञ्जिताबिच यसले झन् दूरी बढायो । असन्तुष्टिहरु समाजिक सञ्जालमा छताछुल्ल हुन थाले । असन्तुष्टि र विवाद बढ्दै गएपछि रेशमले छुट्टै पार्टी दर्ता गराउने घोषणा गरे । बिहीबार नयाँ दल दर्ताको निवेदन दिए ।

☛ विज्ञापन गानुपेमा
☛ ९८६३३२११४
☛ ९८०८७८२११४
☛ विशोष छुटका साथ

Pan No. 121584733
DDA No. 3780432055942
9705446882, 9705446883
खुशी मेडिकल हल
बर्दिवास-२, महोत्तरी
औषधी पसल
यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ ।

बर्दिबासमा दुई छुट्टा-छुट्टै स्थानबाट

# जुवातास खेल्दै आएका १९ जना पक्राउ



टक नेपाल

महोत्तरीको बर्दिबासमा प्रहरीले छुट्टा-छुट्टै स्थानमा छापा मारेर १९ जना व्यक्तिलाई जुवातास खेलिरहेको अवस्थामा नियन्त्रणमा लिएको छ।

मिति २०८२/०७/१३ गते बिहान करिब १० बजे प्राप्त गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बर्दिबासबाट खटिएको टोलीले बर्दिबास नगरपालिका-७, किसाननगर टोलमा कर्णबहादुर तामाङको घरको सटर भएको कोठामा जुवा खेलिरहेको अवस्थामा ७ जनालाई पक्राउ गरेको हो। उनीहरूबाट नगद रु. २,३६,५७५, प्रयोग गरिएको तास पत्ता ५२ थान, सिलबन्दी बन्डल १ थान र खुला तास डब्बामा रहेको तास पत्ता ५२ थान बरामद गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै मिति २०८२/०७/१४ गते राति करिब १२:३० बजे जिल्ला प्रहरी कार्यालय महोत्तरी र इलाका प्रहरी कार्यालय बर्दिबासको संयुक्त टोलीले बर्दिबास नगरपालिका-५ टुटेश्वर मन्दिर नजिकै जुवातास खेलिरहेका १२ जनालाई पक्राउ गरेको छ। उक्त स्थानबाट प्रहरीले नगद रु. १,३२,०००, कौरा २६ थान, काठको बाकस ३ थान, साथै विभिन्न ब्राण्डका १३ थान मोबाइल फोन समेत बरामद गरेको छ।

पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि अदालतबाट म्याद थप गराई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ।

## मोन्था चक्रवातको ........................

त्यसमा पनि असोजको वर्षाले क्षति पुऱ्यायो । अहिले फेरि मोन्था चक्रवातको वर्षाले बाँकी बालीमा असर गर्ने देखिएकाले किसान चिन्तित हुनु स्वाभाविक हो ।" मौसमविद्का अनुसार मोन्था चक्रवातको प्रभाव आगामी शनिबारसम्म रहने अनुमान गरिएको छ । सम्भावित क्षति न्यूनीकरणका लागि खेतमा पानी निकासको व्यवस्था मिलाउन र पाकेका बाली सक्दो छिटो भित्र्याउन किसानलाई आग्रह गरिएको छ।

**जनजीवन प्रभावित**

यसैबिच सर्लाही समाचारदाताका अनुसार बेमौसमी वर्षाले सर्लाहीको जनजीवन प्रभावित बनेको छ । लगातारको वर्षाले खोलामा बाढी आएर कटान तथा डुबानको समस्या सुरु हुने त्रासले नदी तटीय क्षेत्रका स्थानीय त्रसित छन् । मध्य असोजमा आएको भारी वर्षाले यहाँको आधा दर्जन पालिकाका एक हजार छ सय घर डुबानमा परेका थिए । एक महिनापछि पुनः मुसलधारे वर्षा सुरु भएपछि जनजीवन त्रसित बनेको हो। महिनौँपछि खोलाबाट यातायातका साधन सञ्चालन भएको जिल्लाको चुरेवर्ती नारायणखोला, शिर कालिन्जोर, पिपलदमारलगायत क्षेत्रमा यातायातका साधन फेरि ठप्प हुने अवस्था आएको लालबन्दी नगरपालिका-१४ का वडाध्यक्ष छेनामसिंह घिसिङले गुनासो गर्नुभयो ।

उहाँले भन्नुभयो, "एक महिनाअघि डुबानमा परेका दक्षिणवर्ती क्षेत्रमा पुनः डुबानको समस्या सुरु हुने त्रासले स्थानीय चिन्तित बनेका छन् ।" कौडेना गाउँपालिका-६, शिवनगरका युवा दिलीप यादवले लखन्देहीखोलामा बाढी बढ्नासाथ बस्तीमा डुबानको समस्या सुरु हुने बताउनुभयो। मौसममा आएको बदलीसँगै जिल्लाको विद्युत् बुधबारदेखि नै अनियमित बन्दा स्थानीय हैरान छन्। सामान्य वर्षा हुनासाथ आफूहरूको क्षेत्रमा बिजुली अनियमित हुने पुरानै समस्या रहेको र दुई दिनदेखि विद्युत् छिनछिनमै कटौती भइरहेको हरिपुर्वा नगरपालिका-२ का मुकेश झाले बताउनुभयो ।

बेमौसमी वर्षा सुरु भएसँगै जिल्लामा पाकेको धान काट्ने क्रम रोकिएको छ । यहाँ सोमबारदेखि नै मौसम धुम्मिएर घाम नलागेकाले किसानले धान काट्न छाडेका थिए।

# मधेस प्रदेशका ८ उत्कृष्ट किसान सम्मानित

टक नेपाल



मधेस प्रदेशका ८ जना उत्कृष्ट किसानलाई प्रदेश सरकारले सम्मान गरेको छ । प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालय धनुषाले आज आयोजित एक कार्यक्रममा किसानहरूलाई नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरेको हो।

विश्व खाद्य दिवसको अवसरमा 'स्वच्छ खाना र सुखद् भविष्यका लागि हातेमालो' भन्ने नारा सहित आयोजना गरिएको समारोहमा बारा जितपुर सिमरा-१८ का मकै किसान विनिता गौतम, पर्साका विन्दवासिनी-४ का च्याउ किसान सुजितकुमार चौरसिया, सर्लाहीका बागमती नगरपालिका-११ का मौरी किसान मणिप्रसाद पाण्डे, धनुषाको मिथिला नगरपालिका-८ का तरकारी किसान छविलाल महतो, रौतहटका कटहरिया नगरपालिका-५ का धान किसान रामसिंह राय यादव, सिराहा नगरपालिका-२ का खाद्यान्न बीउ उत्पादक किसान बलराम यादव, महोत्तरी पिपरा-४ का दलहन किसान अरुण ठाकुर र सप्तरी अग्नीसाइर कृष्णासवरण-२ का किसान महावीरप्रसाद चौधरी सम्मानित भएका छन्।

सम्मानित भएका किसानहरूलाई मधेस प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा.उमेश दाहालले नगद २५ हजार, दोसल्ला र सम्मान पत्र प्रदान गरे । कार्यक्रममा सचिव दाहालले मधेस प्रदेशलाई मात्र अन्नको भण्डार नभई खाद्यान्न उत्पादनको प्रमुख केन्द्रको रूपमा विकास गर्नुपने आवश्यकता औँल्याए।

उनले भने- 'मधेसको उब्जनी वृद्धि आजको आवश्यकता हो । यदि हामीले स्थानीय उत्पादन बढाएर मात्रै देशभरका नागरिकलाई पर्याप्त खाध्यान्न उपलब्ध गराउन सक्छौँ भने समृद्धि दिगो हुनेछ । यसका लागि सरकार र किसान मिलेर काम गर्नु आवश्यक छ।'

कार्यक्रम निर्देशनालयका प्रमुख जितेन्द्र यादवको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा मन्त्रालयका महाशाखा प्रमुख डा.सरोज चौधरी, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरका प्रमुख विमल दाहाल र खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना धनुषाका प्रमुख रविलाल शर्माले खाद्य सुरक्षा, गुणस्तरीय उत्पादन र प्रवर्द्धनका विषयमा जानकारी प्रस्तुत गरेका थिए।

कार्यक्रममा ८ वटै जिल्लाका कृषि ज्ञान केन्द्रका प्रमुख र विभिन्न कृषिसँग सम्बन्धित कार्यालयका प्रमुखहरू सहभागी थिए । कार्यक्रममा निर्देशनालयका अधिकृत सुदिप चौधरीले कार्यपत्र प्रस्तुत गरे भने वरिष्ठ बाली विकास अधिकृत प्रदीपकुमार यादवले स्वागत मन्तव्य दिएका थिए। कार्यक्रमको सञ्चालन इन्जिनियर सुमनकुमार साहले गरेका थिए।



१ महिना FREE
मात्र वार्षिक रु.८५०० कर सहित बाट सुरु
Dual Band राउटर सहित
Mash को साथ घर भरि WIFI
via TV ३०० च्यानलको मनोरंजन
बर्दिबास शाखाको लागि ९८०११३१४३३ - आजै मौकाको फाईदा लिनुहोस्

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमजेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विगहरुको विशेषज्ञ डाक्टरहुद्वा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014